**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 23.03.2024**

## Governor-Earth Hour

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले राज्यवासीलाई **अर्थ आवर** वैश्विक अभियानमा एकसाथ खडा हुन आग्रह गर्नुभएको छ। उहाँले भन्नुभएको छ, म प्यारा राज्यवासीलाई आज राति 8.30 बजेदेखि 9.30 बजेसम्म सबै अनावश्यक रोशनी र अन्य इलेक्ट्रोनिक उपकरणहरू बन्द गरेर **अर्थ आवर** वैश्विक अभियानमा एकजुट हुन आग्रह गर्दछु। पर्यावरण संरक्षण गर्नु र हाम्रो भावी पुस्ताका लागि आफ्नो ग्रह सुरुक्षित राख्नु हामी सबैको जम्मेवारी हो। त्यसैले, हामी सबै मिली एक जिम्मेवार नागरिकको रूपमा आफ्नो ग्रहको रक्षा गर्न सामुहिक प्रयास गरौँ।

## Namchi Scrutiny of Nominations

नाम्चीका जिल्ला निर्वाचन अधिकारी सुश्री अन्नपूर्ण आले र अन्य चार विधानसभा क्षेत्रका निर्वाचन अधिकारीहरू आज भारतीय निर्वाचन आयोग अन्तर्गत **भारत अन्तर्राष्ट्रिय लोकतन्त्र तथा चुनाव व्यवस्थापन संस्थान**-द्वारा आयोजित उम्मेदवारीको छानबिन सम्बन्धी पुनरावलोकन कार्यक्रममा भर्चुअली सहभागी हुनुभयो। लोकसभा र विधानसभा चुनावको पहिलो चरणसम्बन्धी राज्यका निर्वाचन अधिकारीहरूका लागि सत्र सञ्चालन गरिएको थियो। सत्रमा, उम्मेदवारी दर्ता र जाँच, चुनाव चिन्हको बाँडफाँड, आपराधिक घटना आदिसम्बन्धी विभिन्न जिज्ञासा र चुनाव अधिकारीहरूले नामांकनका विभिन्न पक्षसम्बन्धी सोधेका प्रश्नहरूको जवाफ स्रोत वक्ताले दिएका थिए।

## First EVMs Randomization-Gangtok

गान्तोकका जिल्लापाल श्री तुषार निखारेको अध्यक्षतामा EVM र VVPAT को पहिलो अनियमित आवन्टन प्रक्रिया आज सम्पन्न भयो। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरूलाई उपलब्ध गराइएका विस्तृत प्रतिवेदनसहित EVM व्यवस्थापन प्रणाली अनलाइन पोर्टल मार्फत अनियमित आवन्टन प्रक्रियाको प्रत्यक्ष अनलाइन प्रदर्शन गरिएको थियो। जिल्ला निर्वाचन अधिकारीले EVM र VVPAT उपकरणको आवन्टनमा कुनै पक्षपात नहोस् भन्ने सुनिश्चित गर्न, अनियमित आवन्टन प्रक्रियामा हुने परीक्षण र प्रमाणीकरण प्रक्रियाको महत्त्वलाई जोड दिनुभयो। सबै राजनीतिक दलले अनियमित आवन्टन प्रक्रियामा सहमति जनाएका छन्। पहिलो अनियमित आवन्टन प्रक्रियामा, सबै EVM र VVPAT हरूलाई प्रत्येक विधानसभा निर्वाचन क्षेत्र र विधानसभा खण्डहरूका लागि तोकिएको छ। यसबाहेक, 4 अप्रेलमा दोस्रो अनियमित आवन्टन प्रक्रिया DIET कलेज बुर्तुकमा हुनेछ, जहाँ सबै 132 मतदान केन्द्रलाई प्रत्येक विधानसभा निर्वाचन क्षेत्रका लागि रिजर्भ मेसिनहरूलगायत EVM र VVPAT हरू प्रदान गरिनेछ। उल्लेख्य, अनियमित आवन्टन गरिएका मेसिनहरूलाई एक दुई दिनमा DIET कलेजको स्ट्रङ रूममा सारिनेछ।

## EVM Randomisation-Pakyong District

पाकिम जिल्लामा पनि आज EVM को अनियमित आवन्टन प्रक्रियाको पहिलो चरण जिल्ला निर्वाचन अधिकार श्री टाशी छोपेलको पर्यवेक्षणमा सम्पन्न भयो। विभिन्न राज्य र राष्ट्रिय राजनीतिक दलका प्रतिनिधिहरू पनि यो प्रक्रियामा उपस्थित थिए। प्रक्रिया सुरु गर्नुअघि, जिल्ला निर्वाचन अधिकारीले राजनीतिक दलका प्रतिनिधिहरूलाई यसबारे विस्तृत जानकारी दिनुभयो अनि निष्पक्ष र पारदर्शी निर्वाचन सुनिश्चित गर्न कडा कदम चालिने आश्वासन दिनुभयो। उहाँले निष्पक्ष, स्वतन्त्र र पारदर्शी निर्वाचन प्रक्रिया सुनिश्चित गर्नु अनियमित आवन्टन प्रक्रियाको उद्देश्य रहेको बताउनुभयो। त्यसै गरी, गेजिङ जिल्लाले पनि आज EVM को पहिलो अनियमित आवन्टन प्रक्रिया राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थितिमा सञ्चालन गऱ्यो। अनियमित आवन्टनपछि, उपस्थित मान्यताप्राप्त राजनीतिक दलका प्रतिनिधिहरूलाई आवन्टित ईभीएमहरूको सूची पनि उपलब्ध गराइएको थियो।

## Mangan-EVM Randominsation

त्यसै गरी, मङ्गन जिल्लाका लागि पनि EVM र VVPAT को पहिलो अनियमित आवन्टन प्रक्रिया आज पेन्टोकमा सम्पन्न भयो। यो सम्पूर्ण प्रक्रिया भारतीय निर्वाचन आयोगद्वारा विकसित निर्वाचन व्यवस्थापन सफ्टवेयर V2.0 मार्फत गरिएको थियो।

## SP University

सिक्किम व्यवसायिक विश्वविद्यालयले राष्ट्रिय आपदा प्रबन्धन संस्थान दिल्लीसँगको सहकार्यमा 18 मार्च देखि 22 मार्च, 2024 सम्म **"सिक्किममा भूकम्प र बाढी-पहिरोजस्ता प्रकोप परिस्थितिमा आपतकालिन जनस्वास्थ्य हस्तक्षेपहका लागि मानव क्षमता अभिवृद्धि"** सम्बन्धी पाँचदिने कार्यशाला तथा प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो। पाँच दिने कार्यक्रमको अवधिमा, प्रसिद्ध विज्ञहरूले आपतकालीन परिचालन योजना, महामारी रोकथामका उपायहरू, आपदा रोकथाममा फार्मासिस्टहरूको भूमिका, फिजियोथेरापीमा हस्तान्तरण विधि, आधारभूत जीवन बचाउ, सामुदायिक तयारी र आपदा रोकथामबारे व्याख्यान दिए। यस सम्बन्धमा, सहभागीहरूले आपदा योजना, जोखिम मूल्याङ्कन, र लचिलो पूर्वाधार निर्माण लगायत सामुदायिक तयारी अभिवृद्धि गर्ने रणनीतिहरूबारे जानकारी लिए।